# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (३), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, फाल्गुण १५ गते २०७६ साल, संख्या १३**

## भाग-१

**नेपालको संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सूर्योदय नगरपालिकाको नगर प्रहरी ऐन-२०७६

प्रस्तावना,

सूर्योदय नगरपालिकाले निर्माण गरेका ऐन कार्यविधि, नीति नियम तथा निर्देशिकाहरुको सफल कार्यान्वयन र नियमन गर्न गराउन नगर प्रहरी सम्बन्धी ऐन निर्माण गरी करार सेवामा नगर प्रहरी नियुक्त गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा १ बमोजिमको अधिकार प्रयोग गरी नगर सभाले सूर्योदग नगर प्रहरी ऐन-२०७६ बनाइ जारी गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो ऐन को नाम "सूर्योदय नगर प्रहरी ऐन, २०७६" रहेको छ ।

ख. यो ऐन  स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

क. "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग. "नगर प्रहरी" भन्नाले सूर्योदय नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारी तथा दमकलसगं सम्वन्धित कर्मचारीलाई समेत  सम्झनु पर्दछ।

घ. "प्रोत्साहन सुविधा" भन्नाले सूर्योदय नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको प्रोत्साहन सुविधालाई सम्झनु पर्दछ।

ङ. "आर्थिक वर्ष" भन्नाले श्रावण १ देखि सुरु भई असार मसान्त सम्मको १ वर्षको अवधिलाई सम्झनु पर्दछ ।

च. "कार्यपालिका" सूर्योदय नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

छ. "नगर सभा" भन्नाले सूर्योदय नगरपालिकाको सभा सम्झनु पर्दछ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपाल सरकारद्वारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा सूर्योदय नगरपालिकामा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

झ. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ञ. "जवान" भन्नाले सूर्योदय नगरपालिकाले जवान पदमा नियुक्ति गरेको प्रहरीलाई सम्झनु पर्दछ ।

ट. "नगर प्रहरी ऐन" भन्नाले नगर सभाले पारित गरेको नगर प्रहरी सम्बन्धी ऐन, २०७६ लाई सम्झनु पर्दछ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरको सङ्ख्या सांगठानिक संरचना र कर्मचारीको दरवन्दी अनुसार हुनेछ।

**४. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरीमा रहने नगर प्रहरीको पद र तह नगर सभाबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाई लागू गरर्नेछ र त्यसरी लागू भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व उल्लेख गरिनेछ ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क. नगरपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने ।

ख. नगरपालिकाको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

ग. स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने ।

घ. स्थानीय हाटबजार तथा पार्किङ्गस्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

ङ. नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य गराउने ।

च. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने गराउने कार्यमा सहयोग गर्ने।

छ. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, धार्मिक तथा सांस्कृतिक सम्पदा र भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा गर्ने।

ज. विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने।

झ. नगर क्षेत्रमा राखिएका अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने।

ञ. छाडा चौपायको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

ट. मापदण्ड विपरीत अनाधिकृत रुपमा निर्माण गर्न लागेका निजी संरचनाहरुको रोकथाम तथा नियन्त्रण गर्ने।

ठ. सार्वजनिक आवागमन बाधा पुर्याउने गरी बजार क्षेत्रमा राखिएका सामग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने।

ड. सार्वजनिक जग्गा, बाटो, पुल–पुलेसा, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, चौतारी, खोला मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य भए गरेको सम्बन्धमा नगर प्रमुखको आदेशानुसार गर्ने गराउने।

ढ. नगर क्षेत्रमा अनियमित रुपमा नक्सा पास नगरी निर्माण भएका संरचनाहरुको कार्यपालिकाको निर्देशन अनुसार जाँचबुझ र कारवाही गर्ने।

ण. नगरपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका वेवारिसे मानिसहरुको नेपाल प्रहरीको समन्वयमा व्यवस्थापन गर्ने।

त. नगर क्षेत्रमा रहेका खतरा जन्य घर, पर्खाल, टहरा, बोट विरुवाको व्यवस्थापन गर्नका लागि नगरपालिकामा सिफारिस गर्ने।

थ. नगरपालिकामा दर्ता नभई सञ्चालनमा रहेका व्यापार व्यवसायलाई दर्ता तथा नवीकरण गरे नगरको सम्बन्धमा अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने।

द. नगरपालिका भित्र प्रचलित कानून वा नगरपालिकाको अनुमति बेगर राखिएका ब्यानर, विज्ञापन, होडिङ्ग बोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामग्री हटाउनका लागि नगरपालिकामा सिफारिस गर्ने ।

ध. नगरपालिकाको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

न. नगरपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरको प्रचलित कानून बमोजिम मूल्य सूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

प. नगरपालिका भित्र सञ्चालनमा रहेको होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, ब्युटिपार्लर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित सञ्चालनमा रहेको पाइएमा कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने।

फ. नगर क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको विक्री वितरणमा नगरपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

ब. सार्वजनिकस्थल लगायतका क्षेत्रहरुमा अरुलाई बाधा पुग्ने गरी लाउड–स्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने।

भ. नगर क्षेत्रमा आइपर्ने दैवी प्रकोप, महामारी लगायतका कार्यमा तत्काल खटिई आवश्यक रोकथामको व्यवस्था गर्ने र दमकलको व्यवस्थापन गर्ने।

म. नगरपालिकाको सेवा प्रदायक सार्वजनिक निकायको सुरक्षा गर्ने।

## परिच्छेद ४
## तह विभाजन र पदपूर्ति

**६. नगर प्रहरी दरबन्दी सिर्जनाः** (१) नगरपालिकामा रहने नगर प्रहरीको दरबन्दीको सिर्जना र खारेजी नगर सभाको निर्णय बमोजिम हुनेछ।

(२) नगर प्रहरीको दरबन्दीको सिर्जना गर्दा त्यस्तो दरबन्दीमा रहने पदले गर्ने कार्य विवरण तयार गरी नगर सभामा पेश गर्नु पर्नेछ।

**७. नगर प्रहरीमा रहने पदहरुः** (१) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहनेछन् ।

क. नगर प्रहरी सहायक निरीक्षक

ख. नगर प्रहरी हवल्दार

ग. नगर प्रहरी जवान

घ. दमकल चालक

**८. नगर प्रहरी नियुक्तिः** (१) नगर प्रहरीको नियुक्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रशासकीय अधिकृत | –संयोजक |
| ख. नगर भित्र रहेका सुरक्षा निकायको प्रमुख | –सदस्य |
| ग. स्वास्थ्य शाखा प्रमुख | – सदस्य |
| घ. ईकाइ शाखा प्रमुख | –सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ति नगर प्रहरी पदपूर्ती गर्ने सम्वन्धी कार्यविधी अनुसार गरिनेछ ।

**९. उम्मेद्वारको योग्यताः** (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

क. २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ख. सहायक निरीक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा नेपाली सेनामा वा नेपाल प्रहरी वा शसस्त्र प्रहरीमा वहाल हुदाँको सहायक निरीक्षक पदमा वा सो भन्दा माथिको पद भएको हकमा।

ग. नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ. कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ. प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

च. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र ।

छ. नेपाली नागरिकता।

(२) ख अनुसारको पद भएका नगर प्रहरीहरुमध्येबाट योग्यता र अनुभवको आधारमा पदपूर्ति समितिको सिफारिसमा कार्यपालिकाले नियुक्ति गर्न सक्नेछ।

**१०. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. पाठ्यक्रम तर्जुमा हेरफेर तथा परिमार्जन गर्ने ।

ख. पदपूर्ति कार्यतालिका बनाउने ।

ग. विज्ञापन प्रकाशन गर्ने ।

घ. शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाको लागि सङ्ख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

**११. सूचनाको म्यादः** (१) पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्नेछ ।

**१२. परीक्षणकालः** (१) नगरपालिकाले नगरप्रहरीसगँ  करार सम्झौता गर्दा निजलाई छ महिना परीक्षणकालमा रहने गरी गर्न सक्नेछ र परीक्षणकालमा प्रहरीको काम सन्तोषजनक नदेखिएमा त्यस्तो नगरप्रहरीसगँको सम्झौंता अन्त्य गर्न सक्नेछ। त्यसरी करार अन्त्य नभएको नगरप्रहरीको परीक्षणकाल समाप्त भएपछि करार सम्झौंता स्वत सदर भएको मानिनेछ।

**परिच्छेद - ५**

**<u>बिदा</u>**

**१३. बिदा** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन् ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजवीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) बिदाको किसिमहरुः (१) नगर प्रहरीले देहाय बमोजिमका बिदा पाउनेछन् ।

क. भैपरी आउने र पर्व बिदा
ख. किरिया बिदा
ग. प्रसुती बिदा
घ. बिरामी बिदा
ङ. सट्टा विदा

१४. **बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः** (१) यस ऐन बमोजिम बिदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यलयमा हाजिर हुन पाउने छैन।

१५. **पर्व र भैपरी बिदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी १२ दिन बिदा पाउनेछन् ।

(२) पर्व र भैपरी आउने बिदा साधारणतः एक पटकमा ६ दिनमा नबढाई लिन पाइने छ।

(३) एक आर्थिक वर्षको पर्व र भैपरी आउने बिदा अर्को आर्थिक वर्षलाई संचित हुने छैन।

(४) पर्व र भैपरी बिदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलब र भत्ता पाउनेछ ।

१६. **किरिया बिदाः** (१) नगर प्रहरी कर्मचारीले आफैं किरियामा बस्नु परेमा कुल धर्म र परम्परागत संस्कार अनुसार बढीमा १३ दिन किरिया बिदा पाउनेछ ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब र भत्ता पाउनेछ ।

१७. **प्रसूति बिदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूति बिदा पाउनेछ ।

(२) प्रसूति बिदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब र भत्ता पाउनेछ ।

(३) प्रसूति बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

१८. **विरामी बिदाः** नगर प्रहरी कर्मचारीले प्रत्येक बार्षिक १२ दिन पारिश्रमिक सहितको विरामी विदा पाउने छन्। लगातार तीन दिन भन्दा वढी माग गर्ने प्रहरीले मान्यता प्राप्त चिकित्सकसगँ जाचँ गराएको प्रमाण पेश गर्नु पर्नेछ।

१९. **सट्टा विदा :** सट्टा विदा रोक्न नहुने वा लगातार गर्नु पर्ने काममा संलग्न नगरप्रहरीले साप्ताहिक विदा वा सार्वजनिक विदाको दिन काम गरेबापत सट्टा विदा पाउने छ।

२०. **बिदा दिने अधिकारीः** नगर प्रहरीलाई दिने सम्पूर्ण बिदाहरु प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछन् ।

२१. **कार्यलयमा अनुपस्थित हुने उपर कारवाहीः** बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधिसेवा अवधिमा गणना हुने छैन ।

२२. **बिदाको अभिलेखः (१ )** विदाको अभिलेख सम्वन्धमा नगर प्रहरी प्रमुखले नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनुपर्नेछ ।

२३. **युनिफर्म ,दजार्नी र नगर प्रहरीको पोसाकः** नगर प्रहरी सञ्चालन कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद ६
## अनुशासन तथा आचरण

२४. **नगर प्रहरीको अनुशासन तथा आचरण सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।**

## परिच्छेद ७
## सजाय र पुनरावेदन

२५. **सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः**

क. नसिहत दिने।

ख. तलब वृद्धि रोक्का गर्ने।

ग. ग्रेड तथा तलब वृद्धि रोक्का हुने।

घ. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

ङ. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

च. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

२६. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पूरा गरी सेवाबाट हटाइनेछ ।

**२७. तलब वा बढुवा रोक्ने**: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**२८. ग्रेड तथा बृद्धि रोक्का गर्ने:** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजको ग्रेड तथा तलव वृद्धि रोक्का गर्ने छ।

क. सन्तोषजनक काम नगरेमा,

ख. अनुशासनहीन काम गरेमा,

ग. आचरण सम्बन्धी ऐन उलङ्घन गरेमा,

घ. नगरपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

ङ. मनासिब कारण विना वा बिदा स्वीकृत नगराई बिदामा बसेमा ।

च. तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पूरा नगरेमा ।

**२९. सेवाबाट हटाउने वा बर्खास्त गर्ने**: (१) नगर प्रहरी कर्मचारीले देहायका बमोजिमको कसूर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा,

ख. राजनीतिमा भाग लिएमा,

ग. बराबर अनुशासनहीन काम गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

ङ. कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा,

च. प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा,

छ. पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

ज. आचरण सम्बन्धी नियमहरु पटक पटक उलङ्घन गरेमा ।

**३०. सफाई पेश गर्ने मौका:** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाइ पेश गर्ने आदेश दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइ र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुह्याउनु पर्ने छैन।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(४) सफाइ पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछैन।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यताअनुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

**३१. सजायको आदेश दिने:** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण माग गरेकोमा तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा स्पष्टीकरण सन्तोषजनक नभएमा प्रमुख प्रशासकीय अधिकृतले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद-८

## वीमा,उपदान सम्वन्धी व्यवस्था

**३२. औषधी उपचार वीमा गराउनु पर्ने: ( १ )**नगरपालिकाले प्रत्येक नगर प्रहरीको कम्तीमा बार्षिक एक लाख रुपैयाँ बरावरको औषधी उपचार वीमा गराउनु पर्नेछ।

(२ ) उपदफा (१) बमोजिमको वीमा गर्दा लाग्ने वीमा शुल्क नगरपालिकाले र नगरप्रहरीले आधाआधा व्यर्होनु पर्नेछ।

**३३. दुर्घटना वीमा गराउनु पर्ने** :(१) नगरपालिकाले प्रत्येक नगर प्रहरीको जुनसुकै प्रकारको नगरको कामको शिलशिलामा हुने दुर्घटनालाई समेट्ने गरी कम्तीको सात लाखको दुर्घटना वीमा गराउनु पर्नेछ।

(२) उपदफा ( १ ) बमोजिमको वीमा २०७७/०७८ को आर्थिक बर्षको पहिलो महिनादेखि लागू हुनेछ।

**३४.नगर प्रहरीले उपदान पाउने** :(१ ) नगरपालिकाले प्रत्येक नगर प्रहरीको आधारभूत पारिश्रमिकको आठ दशमलब तेत्तीस प्रतिशत वरावरको रकम प्रत्येक महिना उपदान वापत जम्मा गर्ने पर्नेछ।

(२) उपदफा ( १ ) बमोजिमको रकम २०७७/७८ को आर्थिक बर्षको पहिलो महिनादेखि प्रारम्भ हुनेछ।

(३) उपदान वापतको रकम कार्यपालिकाको निर्णय र नगरको आर्थिक ऐन अनुसार हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कारवाहीमा परी पाचँ बर्षभन्दा अगावै वखास्तमा परेमा वा पाचँ बर्षभन्दा कम सेवा अवधि भएमा यो सुविधा प्रदान गरिने छैन।

## परिच्छेद ९

## तलब, भत्ता

**३५. तलब भत्ताः** (१) नगर प्रहरी कर्मचारीले हाजिरी भएको मितिदेखि तलबभत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिमको तलबभत्ता पदहरुको आधारमा नगरसभाले तोके बमोजिम हुनेछ ।

**३६. तबल वृद्धिः** (१) नगर प्रहरी कर्मचारीलाई एक वर्ष सेवा अवधि पुरा गरेपश्चात एकग्रेड वृद्धि गरिनेछ र मासिक रुपमा पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक बराबरको रकम प्रत्येक बर्ष बार्षिक तलबमा बृद्धि (ग्रेड) पाउनेछ।

**३७. चाडपर्व खर्च :** आफ्नो धर्म , सस्कति तथा पराम्परा अनुसार मनाइने चाडपर्वकोलागि प्रत्येक नगर प्रहरीले खाईपाई आएको एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्चको रुपमा पाउनेछ।

## परिच्छेद १०

## तालिम

**३८. तालिमको व्यवस्थाः** (१) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई बढीमा १५ दिनको तालिम दिई कामकाजमा खटाइनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

## परिच्छेद ११

## पोशाक सम्बन्धी व्यवस्था

**३९. पोसाक भत्ताः** (१) नगर प्रहरीको पोसाकको रङ, किसिम र अन्य विवरण सूर्योदय नगर प्रहरी कार्यविधी अनुसार हुनेछ।

(२) उपदफा (१) बमोजिम पोसाकको लागि आवश्यक भत्ता नगर सभाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको भत्ता वर्षको एक पटक मात्र उपलब्ध गराइनेछ ।

## परिच्छेद १२

## विविध

४०. **ऐन संशोधनः** यस ऐनको आवश्यक संशोधन तथा थपघट सूर्योदय नगरपालिकाको नगर सभाले गर्न सक्नेछ ।

४१. **नियम तथा कार्यविधि बनाउन सक्नेः** (१) यस ऐन बमोजिम नगर कार्यपालिकाले आवश्यश्क नियमावली तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

४२.**संक्रमणकालिन व्यवस्था :** यो ऐन लागू हुन भन्दा अगाडि नियुक्त भएका नगर प्रहरीहरु यसै ऐन अनुसार नियुक्ति भएको मानिने छ।

४३. **खारेजी तथा बचाउः** सूर्योदय नगरपालिकाको यस ऐन प्रचलित नेपालको संविधान, संघीय कानून तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म बदर हुनेछ ।

# सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७६ लाई संसोधन गर्न वनेको विधेयक २०७६

**प्रस्तावना-** सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७६ मा भएका व्यवस्थाहरुमा केही संसोधन गर्न आवश्यक परेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (८) बमोजिम सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम सूर्योदय नगरपालिकाको आर्थिक (संसोधन) ऐन, २०७६ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** (१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस ऐनमा,

(क) "मूलऐन" भन्नाले सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७६ लाई सम्झनु पर्दछ।

**३. मूल ऐन अनुसूचीमा संसोधन गरिएको** - (१) मूल ऐनको अनुसूची - ९ को प्रकरण १८ को विवरण महलमा रहेको "प्रति अश्वशक्ति" भन्ने शव्दावली झिकिएको छ।
(२) मूल ऐनको अनुसूची - १० को प्रकरण (त) पछी देहायको प्रकरण (थ) थप गरिएको छ।

"(थ) भू-सेवा वापतको सेवाशुल्को दर

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | भू-सेवा अन्तरगतका सेवाहरु<br>- लिखत पारित सम्बन्धी कार्य<br>- भूमी सुधार<br>- नामसारी<br>- रोक्का/फुकुवा<br>- विद्यूतीय अभिलेख संसोधन | ५०० | (प्रति सेवा) |

| | | | |
|---|---|---|---|
| | - हालसाविक<br>- आयोजन फिर्ताको लिखत<br>- प्रतिलिपि प्रकृया<br>- दाखिल खारेज<br>- संशोधन | | |

# सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ लाई संसोधन गर्न वनेको विधेयक २०७६

**प्रस्तावना** - सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ मा भएका व्यवस्थाहरुमा केही संसोधन गर्न आवश्यक परेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (८) बमोजिम सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम सूर्योदय नगरपालिकाको विनियोजन (संसोधन) ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** (१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस ऐनमा,

(क) "मूलऐन" भन्नाले सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

**३. मूल ऐनको दफा २ मा संसोधन**-"रकम रु. ९६,५७,११,६००.०० (अक्षरेपी रुपैंया छयानब्बे करोड सन्तावन्न लाख एघार हजार छ सय मात्र)" भन्ने शव्दावलीको सट्टा " रकम रु १,००,२०,८४,६००.०० (अक्षरेपी एक अर्व विस लाख चौरासी हजार छ सय मात्र)" भन्ने शब्दावली राखिएको छ ।

**४. उपदफा थप गरिएको** -(१) मूल ऐनको दफा ३ को उपदफा (१) पछी देहाय अनुसारको उपदफा (१क) थप गरिएको छ ।

"(१क) यस ऐनमा भएका अनुसूचीहरुमा देहायको अनुसूची- ६ थप गरिएको छ । अनुसूची- १ देखि ५ सम्मका अनुसूचीहरुमा भएका रकम कलमहरु अनुसूची - ६ बमोजिम संसोधन भएको मानिनेछ। "

**५. अनुसूची थप गरिएको** - मूल ऐनको अनुसूची - ५ पछि देहाय बमोजिमको अनुसूची -६ थप गरिएको छ।

"अनुसूची - ६

## सूर्योदय नगरपालिकाको सञ्चित कोषबाट विनियोजित बाँडफाँडमा संसोधन

| बजेट उपशिर्षक | खर्च शिर्षक | कृयाकलाप | विनियोजन | थप | घट | कायम हुने बजेट | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४१०१ | २११११ | पारिश्रमिक कर्मचारी | १०७९२०००.०० | ०.०० | १०७९२०००.०० | ०.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २२५२२ | कार्यक्रम खर्च | १००००००००.०० | ०.०० | २५००००००.०० | ७५००००००.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २८९११ | भैपरी आउने चालु खर्च | १८४००००.०० | ०.०० | १८४००००.०० | ०.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २८९११ | भैपरी आउने चालु खर्च | १५००००००.०० | ०.०० | १२७९३९६.०० | २२०६०४.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४२०१ | ३११५१ | ऋषिमोड गोर्खे मंगलबारे मानेभञ्ज्याङ सडक (फेज ॥) | ५००००००.०० | ०.०० | ३०००००.०० | ४७०००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०३ | २२५२२ | कार्यक्रम खर्च वडा नं ३ | १५००००.०० | ०.०० | १५००००.०० | ०.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०४ | ३११५१ | ठाकुर चोक बराल भञ्ज्याङ्ग गणेस हिमाल दलित बस्ती सानो कर्फोक चक्रपथ स्तरोन्नति गर्ने कार्य फेज-॥ | ५००००००.०० | ०.०० | ३०००००.०० | ४७०००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२११ | ३११५६ | सार्वजनिक जमीनहरुमा उन्नत जातका विरुवाहरु वृक्षारोपण | ६०००००.०० | ०.०० | ६०००००.०० | ०.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०१ | २५३११ | करफोक विद्यामन्दीर मा वि नमूना वाल विकास केन्द्र सञ्चालन अनुदान | १००००००.०० | ०.०० | ५०००००.०० | ५०००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०४ | २२५२२ | महिला- सुत्केरी महिलालाई भीटामिन/मह/ध्यू उपलब्ध गराउने | ५०००००.०० | ०.०० | ५०००००.०० | ०.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०६ | ३१११२ | भवन- सूर्योदय सार्वजनिक भवन निर्माण | १००००००००.०० | ०.०० | ५००००००.०० | ५००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | सडक- सडक वोर्ड नेपाल सँगको साझेदारीमा सडक मर्मत संभारका (तिनघरे-मुर्तिडाँडा-लक्ष्मीपुर सडक, फिक्कल बजार-पुरानो लाईन सडक कालोपत्रे मर्मत संभार, बरबोटे-माझगाउँ-गुफापाताल सडक, कन्याम चियाफ्याक्ट्रि-वर्थिङ सेण्टर सडक) | ३२०००००.०० | ०.०० | ३२०००००.०० | ०.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | उन्नती परियोजनाबाट निर्मित बरबोटे कटेबुङ सडक मर्मत संभार | २५०००००.०० | ०.०० | २५०००००.०० | ०.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | फिक्कल पञ्चकन्या चक्रपथ निर्माण | ७००००००.०० | ०.०० | २२०००००.०० | ४८०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | दावा गोलाइ र बरबोटे बीच कच्ची सडक कालोपत्रे | ७००००००.०० | ०.०० | १७०००००.०० | ५३०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | फिक्कल पान्दाम जील गोर्खे मानेभञ्ज्याङ सडक कालोपत्रे | १००००००००.०० | ०.०० | १५०००००.०० | ८५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | पर्यटन - पर्यटन प्रवर्द्धन कार्यक्रम (पर्यटन पूर्वाधार) | १५००००००.०० | ०.०० | ६००००००.०० | ९००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३१५११ | समपुरक कोष | ४००००००००.०० | ०.०० | ४५०००००.०० | ३५५००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | थलथले पोखरी निर्माण | २५०००००.०० | ०.०० | २५०००००.०० | ०.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | अन्तु पर्यटन सूचना केन्द्र भवन मर्मत संभार र संचालन | ५०००००.०० | ०.०० | ५०००००.०० | ०.०० | आन्तरिक श्रोत |

| बजेट उपशिर्षक | खर्च शिर्षक | कृयाकलाप | विनियोजन | थप | घट | कायम हुने बजेट | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०७ | २२५२२ | समाज परिचालन - रोजगार सचना तथा श्रमिक दस्ता स्थापना र संचालन | १००००००० .०० | ०.०० | ७५००००० .०० | २५००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | पर्यटन- पर्यटन प्रवर्द्धन सम्बन्धी कृयाकलाप सञ्चालन | ३०००००० .०० | ०.०० | १६००००० .०० | १४००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४५०२ | ३११५९ | प्रदेश सरकारबाट सशर्त अनुदानको तोकिएको कृयाकलाप सञ्चालन गर्ने | १५०००००० .०० | ०.०० | १५०००००० .०० | ०.०० | प्रदेश सशर्त अनुदान |
| ८०१०३४०४१०१ | २१११२ | पदाधिकारी पारिश्रमिक | ०.०० | ५०९४००० .०० | ०.०० | ५०९४००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २२२९१ | अन्य सम्पत्तिहरुको संचालन तथा मर्मत संभार | ०.०० | २००००० .०० | ०.०० | २००००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २२३१५ | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ०.०० | १००००० .०० | ०.०० | १००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | २२६११ | अनुगमन मूल्यांकन खर्च | ०.०० | १८८००० .०० | ०.०० | १८८००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | २८१४२ | घरभाडा | ०.०० | ४००००० .०० | ०.०० | ४००००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | ३११२१ | सवारी साधन खरिद | ०.०० | ३००००० .०० | ०.०० | ३००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | ३११२१ | दमकल खरिद | ०.०० | ३५००००० .०० | ०.०० | ३५००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | ३११२१ | दमकल खरिद | ०.०० | ४००००० .०० | ०.०० | ४००००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४१०१ | ३११२२ | मेशीनरी औजार खरिद | ०.०० | १५००००० .०० | ०.०० | १५०००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | ३११२३ | नयाँ वडा कार्यालयहरुमा फर्निचर व्यवस्थापन | ०.०० | १५००००० .०० | ०.०० | १५००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | ३११५९ | अन्तुडाँडा र फिक्कल चोकमा विद्युत लाइन जडान | ०.०० | १००००० .०० | ०.०० | १००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४१०१ | ३११५९ | वडा कार्यालयहरुको विद्यूत वायरिङ (नयाँ तथा मर्मत) | ०.०० | ६००००० .०० | ०.०० | ६००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४२०१ | ३११५१ | ऋषिमोड गोर्खे मंगलबारे मानेभञ्ज्याङ सडक (फेज III) | ०.०० | ५०००००० .०० | ०.०० | ५०००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४२०३ | ३११५१ | कटेबुङ रुङसुङ सडक मर्मत सम्भार | ०.०० | १५०००० .०० | ०.०० | १५०००० .०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०६ | ३११५१ | जिर्मले सडक खण्डको अम्बकेडाँडा- तारगाउँ दुग्ध डिपो-गोलाइ सडक स्तरोन्नती | ०.०० | ५००००० .०० | ०.०० | ५००००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४२११ | ३११५१ | कारबारीटोल - परालेटोल सडक मर्मत सम्भार | ०.०० | ३००००० .०० | ०.०० | ३००००० .०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२११ | ३११५१ | तीनघरे मुख भई सहारा टोल जाने सडक मर्मत सम्भार | ०.०० | ३००००० .०० | ०.०० | ३००००० .०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२१३ | ३११५१ | पोखरी- डाक्टरगाउँ- कोलबोटे-पिपलडाँडा- रोङ सडक स्तरोन्ती | ०.०० | ५००००० .०० | ०.०० | ५००००० .०० | आन्तरिक श्रोत |
| ८०१०३४०४२१३ | ३११५१ | पोखरी- डाक्टरगाउँ- कोलबोटे-पिपलडाँडा- रोङ सडक स्तरोन्ती | ४०००००० .०० | ११००००० .०० | ०.०० | ५१००००० .०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०१ | २२३१३ | चियाखेती विषयको पाठ्यपुस्तक छपाई | ०.०० | २००००० .०० | ०.०० | २००००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०१ | २२५२२ | नगर स्तरीय अन्य खेलकुद | ०.०० | ५५०००० .०० | ०.०० | ५५०००० .०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०१ | २५३११ | कृष्णाश्रम मा वि नमूना वाल विकास केन्द्र सञ्चालन अनुदान | ०.०० | ५००००० .०० | ०.०० | ५००००० .०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०२ | २२५२२ | पशुपतिनगर प्राथमिक स्वास्थ्य केन्द्र सामाग्री व्यवस्थापन | ०.०० | ५००००० .०० | ०.०० | ५००००० .०० | आन्तरिक श्रोत |

| बजेट उपशिर्षक | खर्च शिर्षक | कृयाकलाप | विनियोजन | थप | घट | कायम हुने बजेट | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४३०२ | २२५२२ | आइतबारे आयुर्वेद औषधालयमा २४ घण्टे सेवा विस्तार | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०२ | ३११५९ | आइतबारे आयुर्वेद औषधालयमा फ्लोरिङ कार्य | ०.०० | ३०००००.०० | ०.०० | ३०००००.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०३ | २२५२२ | पशुसेवा- तरल नाइट्रोजन खरिद | ०.०० | ४०००००.०० | ०.०० | ४०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३१११२ | फिक्कल पानीहिटीमा सामुदायिक भवन निर्माण | ०.०० | ४०००००.०० | ०.०० | ४०००००.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०६ | ३११५१ | फिक्कल बजार पुरानो लाइन सडक (सडक वोर्ड २०७६/७७) | ०.०० | ९०७४१४.०० | ०.०० | ९०७४१४.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | उत्तरे खेलमैदान सानो श्रीबुङ हुँदै मेचीखोला जोड्ने सडक | ५००००००.०० | १००००००.०० | ०.०० | ६००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | शान्तिबजार ग्राभेल तथा ढल निकास बाटो | ०.०० | १००००००.०० | ०.०० | १००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | कन्याम चियाफ्याक्ट्रि बर्थिङ सेण्टर सडक (सडक वोर्ड २०७६/७७) | ०.०० | १२४७१४२.०० | ०.०० | १२४७१४२.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | बरबोटे माझगाउँ गुफापाताल सडक (सडक वोर्ड २०७६/७७) | ०.०० | १४७२००४.०० | ०.०० | १४७२००४.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | तिनघरे मुर्तिडाँडा लक्ष्मीपुर सडक (सडक वोर्ड २०७६/७७) | ०.०० | १५५२८३६.०० | ०.०० | १५५२८३६.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | बरबोटे कट्टेबुङ सडक स्तरोन्नति कार्य सूर्योदय नगरपालिका ९ र ३ (matching) | ०.०० | २५०००००.०० | ०.०० | २५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५१ | बरबोटे कट्टेबुङ सडक स्तरोन्नति कार्य सूर्योदय नगरपालिका ९ र ३ | ०.०० | ६८०००००.०० | ०.०० | ६८०००००.०० | समपुरक अनुदान- संघ |
| ८०१०३४०४३०६ | ३११५९ | तीनघरे वधशाला निर्माण | 0 | १५०००००.०० | ०.०० | १५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११५९ | फेन्सोङ गुम्बा पार्क निर्माण | ०.०० | ६००००००.०० | ०.०० | ६००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०६ | ३११६१ | कार्यालय कम्पाउण्ड गेट, आकाशे पानी संकलन तथा सुरक्षा गार्ड पोष्ट निर्माण | २५०००००.०० | २००००००.०० | ०.०० | ४५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०७ | २२५२२ | संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०७ | २२५२२ | आवधिक नगर विकास योजना तर्जुमा | ०.०० | १००००००.०० | ०.०० | १००००००.०० | राजश्व बाँडफाँड – प्रदेश |
| ८०१०३४०४३०७ | २२५२२ | पर्यटन- सूर्योदय पर्यटन महोत्सव आयोजना | २५०००००.०० | १६०००००.०० | ०.०० | ४१०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०७ | ३११२२ | सेवाग्राही टोकन प्रणालीका लागि क्यू मेशीन खरिद | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४३०२ | २२२२१ | स्वास्थ्य संस्थाहरुको लागि मेशीनऔजार उपकरण खरिद | | ५०००००.०० | ०.०० | ५०००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४५०१ | २११११ | स्थानीय तहमा रहने पशु सेवा प्राविधिकको तलव, भत्ता तथा पोशाक | ०.०० | २१३०००.०० | ०.०० | २१३०००.०० | सशर्त अनुदान – संघ |
| ८०१०३४०४५०१ | २२५२२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ०.०० | १९५००००.०० | ०.०० | १९५००००.०० | सशर्त अनुदान – संघ |
| ८०१०३४०४५०१ | ३१२१२ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण तथा सञ्चालन खर्च | ०.०० | १०५७८०००.०० | ०.०० | १०५७८०००.०० | सशर्त अनुदान – संघ |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं ६ ग्यावाचोक वडा कार्यालय हुँदै सिद्धिघाट सडक स्तरोन्नती | ०.०० | ९९००००.०० | ०.०० | ९९००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं ७ वर्थिङ सेण्टरबाट सिगाम जोड्ने सडक स्तरोन्नती | ०.०० | ९९००००.०० | ०.०० | ९९००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |

| बजेट उपशिर्षक | खर्च शिर्षक | कृयाकलाप | विनियोजन | थप | घट | कायम हुने बजेट | श्रोत |
|---|---|---|---|---|---|---|---|
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं ७ अम्बीटारबाट सिरवानी हुँदै विरीङखोला जाने सडक स्तरोन्नती | ०.०० | ९९०००००.०० | ०.०० | ९९०००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं १२ आठघरे देखि मलिम फेदी जोड्ने सडक स्तरोन्नती | ०.०० | ९९०००००.०० | ०.०० | ९९०००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं १४ आँपटार विसमुरे हुँदै माइनगरपालिका लुम्बक जोड्ने सडक स्तरोन्नती | ०.०० | ९९०००००.०० | ०.०० | ९९०००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं १३ सुकेपोखरी लक्ष्मीटोल तथा लक्ष्मीपुर टोल हुँदै रामचोक गोदक जोड्ने सडक स्तरोन्नती | ०.०० | ९९०००००.०० | ०.०० | ९९०००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | मनेडाँडा तारसिं गाउँ कार्तिके सडक स्तरोन्नती सुनपा १ | ०.०० | ९९०००००.०० | ०.०० | ९९०००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | इलाका प्रहरी कार्यालयदेखी किराँत माङहिम चारमाइल सडक जोड्ने आयोजना सुनपा २ | ०.०० | १२८७०००.०० | ०.०० | १२८७०००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं १४ कटुवाल भञ्ज्याङ बस्नेतगाउँ कागुने सिम्ले साहाकाले हुँदै अर्जुनधारा न.पा. जोड्ने सडक स्तरोन्नती | ०.०० | १४८५०००.०० | ०.०० | १४८५०००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | वडा नं ४ गुफाटार देखी सिद्धिखोला ठाकुरचोक जोड्ने सडक स्तरोन्नती | ०.०० | १९८००००.०० | ०.०० | १९८००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | तीनखुट्टे रुम्सुङ चोक तीनतले झरना सडक स्तरोन्नती सुनपा ३ | ०.०० | १९८००००.०० | ०.०० | १९८००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५१ | फिक्कल चोकदेखी श्रीकृष्ण बुद्धटोल हुँदै हाइड्रो जाने बाटो स्तरोन्नती सुनपा १० | ०.०० | २९७००००.०० | ०.०० | २९७००००.०० | प्रदेश सशर्त अनुदान (निर्वाचन) |
| ८०१०३४०४५०२ | ३११५९ | कजेनी खेलमैदान स्तरोन्नती सू न पा ८ | ०.०० | २००००००.०० | ०.०० | २००००००.०० | प्रदेश विशेष अनुदान |
| ८०१०३४०४५०२ | ३११५९ | बुद्धपार्क भौतिक पूर्वाधार निर्माण तथा बुद्धमुर्ति स्थापना/निर्माण(matching) | ०.०० | ५००००००.०० | ०.०० | ५००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४५०२ | ३११५९ | बुद्धपार्क भौतिक पूर्वाधार निर्माण तथा बुद्धमुर्ति स्थापना/निर्माण | ०.०० | १००००००००.०० | ०.०० | १००००००००.०० | प्रदेश समपुरक अनुदान |
| ८०१०३४०४२११ | २२५२२ | टोल विकास संस्थालाई कृयाशील बनाउन स्वास्थ्य, सरसफाई तथा सचेतना मूलक कार्यक्रम संचालन वडा ११ | २६००००.०० | ०.०० | १०००००.०० | १६००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२११ | २२२३१ | सामुदायिक भवन मर्मत कार्य तीनघरे | ०.०० | १०००००.०० | ०.०० | १०००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४३०६ | | विपद जोखिम न्यूनिकरणका लागि विभिन्न स्थानमा पानी पोखरी निर्माण | | १००००००.०० | ०.०० | १००००००.०० | आन्तरिक श्रोत |
| ८०१०३४०४२०८ | २२५२२ | कार्यक्रम खर्च वडा नं ८ | १५००००.०० | ०.०० | ५००००.०० | १०००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०८ | ३११५१ | सिंगाने खोल्सी वडा कार्यालय जाने मोटरबाटो मर्मत | ०.०० | ५००००.०० | ०.०० | ५००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०९ | २२५१२ | महिला लक्षित समुदायको टनेल वित्तीय जोखिम न्यूनीकरण र वाल नेटवर्क तथा संस्थागत क्षमेता विकास तालिम वडा नं ९ | ३०००००.०० | ०.०० | ३०००००.०० | ०.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०९ | २२५२२ | महिला लक्षित समुदायको टनेल खेती कार्यक्रम | ०.०० | १५००००.०० | ०.०० | १५००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०९ | २२५२२ | वित्तीय जोखिम न्यूनिकरण कार्यक्रम | ०.०० | ५००००.०० | ०.०० | ५००००.०० | समानिकरण अनुदान- संघ |
| ८०१०३४०४२०९ | २२५२२ | वाल क्षमता अभिवृद्धि कार्यक्रम | ०.०० | १०००००.०० | ०.०० | १०००००.०० | समानिकरण अनुदान- संघ |
| | | जम्मा | | १०९२८४३९६.०० | ७२९११३९६.०० | | |

संसोधनको श्रोतगत सारांश

| श्रोत | शुरु विनियोजन | थप | घट | कायम हुने बजेट | थप आय अनुमान |
|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | ३३०४१९६००.०० | ४३१७९३९६.०० | ३९९७९३९६.०० | ३३३६१९६००.०० | ३२०००००.०० |
| राजश्व बाँडफाँड - संघीय सरकार | १२३३०००००.०० | | | १२३३०००००.०० | ०.०० |
| राजश्व बाँडफाँड - प्रदेश सरकार | ३७८२३०००.०० | १५१३२०००.०० | १५१३२०००.०० | ३७८२३०००.०० | ०.०० |
| समानिकरण अनुदान- संघीय सरकार | १६७३०००००.०० | २८०००००.०० | २८०००००.०० | १६७३०००००.०० | ०.०० |
| समानिकरण अनुदान- प्रदेश सरकार | ७७६९०००.०० | | | ७७६९०००.०० | ०.०० |
| सशर्त अनुदान- संघीय सरकार | २८४१००००००.०० | १२७४१०००.०० | | २९६८४१०००.०० | १२७४१०००.०० |
| सशर्त अनुदान- प्रदेश सरकार | १५००००००.०० | १६६३२०००.०० | १५००००००.०० | १६६३२०००.०० | १६३२०००.०० |
| समपुरक अनुदान- संघीय सरकार | ०.०० | ६८००००००.०० | | ६८००००००.०० | ६८००००००.०० |
| समपुरक अनुदान- प्रदेश सरकार | ०.०० | १००००००००.०० | | १००००००००.०० | १००००००००.०० |
| विशेष अनुदान- प्रदेश सरकार | ०.०० | २००००००.०० | | २००००००.०० | २००००००.०० |
| **जम्मा** | ९६५७११६००.०० | १०९२८४३९६.०० | ७२९११३९६.०० | १००२०८४६००.०० | ३६३७३०००.०० |

आज्ञाले

प्रकाशराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत